# नेपाल कानून व्यवसायी परिषद् (कानूनी शिक्षा) नियमावली, २०७७

**प्रस्तावना**

कानूनी शिक्षालाई स्तरीय र प्रतिस्पर्धी बनाउन कानूनी शिक्षाको अध्ययन तथा अध्यापन गर्ने गराउने विश्वविद्यालयहरुसँग परामर्श गरी कानून व्यवसायको गुणस्तरीय मापदण्ड निर्धारण गरी सोको प्रचलन र परिपालना सुनिश्चित गर्न आवश्यक भएकोले, नेपाल कानून व्यवसायी परिषद् ऐन, २०५० को दफा २७ (१) ले दिएको अधिकार प्रयोग गरी नेपाल कानून व्यवसायी परिषद्ले, ऐनको दफा ८ को उपदफा (१) को खण्ड (झ) बमोजिम यो नियमावली बनाई लागू गरेको छ ।

## परिच्छेद-१
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ :** (१) यी नियमहरुको नाम "नेपाल कानून व्यवसायी परिषद् (कानूनी शिक्षा) नियमावली, २०७७" रहेको छ ।

(२) यो नियमावली २०७७ साल चैत्र १ गतेबाट प्रारम्भ हुनेछ ।

२. **परिभाषा :** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस नियमावलीमा, -

(क) "ऐन" भन्नाले नेपाल कानून व्यवसायी परिषद् ऐन, २०५० सम्झनु पर्छ ।

(ख) "परिषद्" भन्नाले नेपाल कानून व्यवसायी परिषद् सम्झनु पर्छ ।

(ग) "शैक्षिक संस्था" भन्नाले प्रचलित कानून बमोजिम मान्यता प्राप्त कानूनी शिक्षा प्रदान गर्ने विश्वविद्यालय, कलेज, क्याम्पस वा यस सरहका निकाय सम्झनु पर्छ ।

(घ) "समिति" भन्नाले नियम २२ बमोजिम गठित कानून शिक्षा समिति सम्झनु पर्छ ।

(ङ) "कानूनी शिक्षा" भन्नाले नियम ४ बमोजिमको उपाधिका लागि सञ्चालन हुने कानूनी शिक्षा सम्झनुपर्छ ।

(च) "वृत्ति विकास समिति" भन्नाले परिषद्को आन्तरिक कार्यव्यवस्था सञ्चालन नियमावली, २०५५ को नियम ७ बमोजिम गठित वृत्ति विकास समिति सम्झनुपर्छ ।

## परिच्छेद-२
## कानूनी शिक्षाको मापदण्ड

३. **कानूनी शिक्षा कार्यक्रमको उद्देश्य:** (१) प्रचलित कानून बमोजिम स्थापित शैक्षिक संस्थाले यस नियमावली बमोजिम कानूनी शिक्षाको स्तरीयतालाई कायम राख्नुपर्नेछ । कानूनमा स्नातक योग्यता हासिल गरेको

व्यक्ति सक्षम, नैतिकवान तथा जिम्मेवार कानून व्यवसायीका रुपमा कानून व्यवसायमा प्रवेश गर्न योग्य रहनेछ ।

(२) शैक्षिक संस्थाले उपनियम (१) बमोजिमको शिक्षा प्राप्ति (लर्निङ आउटकम) को स्तर स्थापित गर्नेछ ।

(३) उपनियम (२) बमोजिमको शिक्षा प्राप्तिमा सम्बन्धित शैक्षिक संस्थाले देहाय बमोजिमको योग्यता कायम हुने गरी शैक्षिक कार्यक्रम सञ्चालन गर्नुपर्नेछ ।

(क) सारभूत तथा कार्यविधि कानूनको आधारभूत ज्ञान तथा समझदारीको क्षमता;

(ख) कानूनी विश्लेषण तथा तर्कशक्ति, अनुसन्धान एव्म समस्या समाधान गर्न कानूनी लिखतको तयारी र मौखिक सञ्चार क्षमता;

(ग) आफ्ना सेवाग्राही र मुलुकको कानून प्रणालीप्रति नैतिकतामा आधारित व्यावसायिक भूमिका निर्वाह गर्ने क्षमता;

(घ) कानून व्यवसायको सदस्यका रुपमा सक्षम तथा नैतीक सहभागिताका लागि आवश्यक अन्य व्यावसायिक सीप ।

यस खण्डको प्रयोजनको लागि व्यावसायिक सीप अन्तर्गत अन्तरवार्ता गर्ने, सल्लाह दिने, वार्तालाप गर्ने, तथ्य संकलन तथा विश्लेषण गर्ने, पुर्पक्षसम्बन्धी व्यवहारिक ज्ञान, लिखत लेख्ने तथा पढ्ने, द्वन्द व्यवस्थापन, कानूनी कारवाहीको व्यवस्थापन, सहकार्य सांस्कृतिक क्षमता, स्वःमूल्याङ्कनको क्षमता तथा बैकल्पिक उपचार सम्बन्धी ज्ञान आदि पर्दछन् ।

(४) उपनियम ३ मा उल्लेखित शिक्षा प्राप्तीका योग्यताका मापदण्ड बाहेक अन्य मापदण्ड राख्न शैक्षिक संस्थाहरु स्वतन्त्र रहनेछन् ।

(५) यो नियमावली लागू भएपछि बनेका योग्यताका मापदण्डहरु कार्यान्वयन गर्नु अघि सम्बन्धित शैक्षिक संस्थाले परिषद्को जानकारीका लागि अनिवार्य रुपमा पठाउनु पर्नेछ । त्यस प्रकारको जानकारी प्रदान नगरी कार्यान्वयन गरेको योग्यतालाई स्वीकार गर्न परिषद् बाध्य हुने छैन ।

४. **कानूनी शिक्षाको उपाधि र पाठ्यक्रम सम्बन्धी व्यवस्था :** (१) यस नियमावलीको प्रयोजनको लागि कानूनी शिक्षाको उपाधि देहाय बमोजिम हुनेछ :

(क) स्नातक पछि अध्ययन गरिने ३ वर्षे एलएल.बी.उपाधि,

(ख) माध्यमिक तह (+२) पछि अध्ययन गरिने ५ वर्षे बिए एलएल.बी. वा सो सरहको **अंतर्विषयक वा बहुविषयक एकीकृत उपाधि** ।

(२) उपनियम (१) को खण्ड (क) बमोजिमको उपाधिको शैक्षिक कार्यक्रममा प्रवेशको लागि योग्य हुन शैक्षिक संस्थाले तोकेको सम्बन्धित विधाको स्नातक तह उतिर्ण भएको हुनुपर्नेछ ।

(३) उपनियम (१) को खण्ड (ख) बमोजिमको उपाधिको शैक्षिक कार्यक्रममा प्रवेशको लागि योग्य हुन शैक्षिक संस्थाले तोकेको सम्बन्धित विधाको कम्तीमा पचास प्रतिशत अंक वा C+ ग्रेड ल्याई माध्यमिक तह (+२) उतिर्ण गरेको हुनुपर्नेछ ।

(४) उपनियम (२) वा (३) मा उल्लिखित योग्यताका अतिरिक्त सम्बन्धित शैक्षिक संस्थाले आफ्नो नीति तथा कार्यक्रम बमोजिम आवश्यकता अनुसार थप वा माथिल्लो स्तरको योग्यताको आधारहरुको निर्धारण गर्न बाधा पर्ने छैन ।

(५) उपनियम (१) को खण्ड (क) बमोजिमको ३ वर्षे एलएल.बी. उपाधिको पाठ्यक्रम तथा अंकभार अनुसूची-१ बमोजिम हुनेछ ।

(६) उपनियम (१) को खण्ड (ख) बमोजिमको ५ वर्षे बिए एलएल.बी. वा सो सरह उपाधिको पाठ्यक्रम तथा अंकभार अनुसूची-२ बमोजिम हुनेछ ।

५. **कानूनी शिक्षाको पाठ्यक्रम निर्धारणका आधारहरुः** (१) शैक्षिक संस्थाले आफ्नो स्थापनाको उद्देश्य र प्राथमिकताका आधारमा शैक्षिक कार्यक्रम तथा पाठ्यक्रमको निर्माण र कार्यान्वयन गर्न सक्नेछन् ।

(२) उपनियम (१) मा जुनसुकै कुरा लेखिए भएतापनि कानूनको स्नातक उपाधि प्रदान गर्ने शैक्षिक संस्थाले देहायका विषयलाई पाठ्यक्रममा अनिवार्य रुपमा समावेश गर्नु पर्नेछः

(क) व्यावसायिक जवाफदेहिता तथा व्यावसायिक आचरणका नियमहरु, मूल्य मान्यताहरु तथा उत्तरदायित्व,

(ख) कानूनी अनुसन्धान र अन्वेषण,

(ग) अभ्यास अदालत तथा व्यावहारिक ज्ञान तथा कानूनी सहायता सम्बन्धी अवधारणा र प्रयोग,

(घ) सीप विकासका लागि कुनै अदालत वा कानूनी निकायमा इन्टर्नसीप गरेको ।

(३) यो नियमावली लागू भएपछि बनेका पाठ्यक्रमहरु कार्यान्वयन गर्नु अघि सम्बन्धित शैक्षिक संस्थाले अनिवार्य रुपमा परिषद्को जानकारीका लागि पठाउनु पर्नेछ । त्यस प्रकारको जानकारी प्रदान नगरी कार्यान्वयन गरेको पाठ्यक्रमलाई स्वीकार गर्न परिषद् बाध्य हुने छैन ।

६. **कानूनी शिक्षा सञ्चालन गर्ने संस्थाको शर्तसम्बन्धी व्यवस्था :** (१) नियम ४ बमोजिमको कानूनी शिक्षा सञ्चालन गर्न चाहने विश्वविद्यालयले आफूसँग सम्बन्धित ऐन/कानूनमा व्यवस्था भए सोही बमोजिम, सो नभएमा देहायको शर्त पूरा गरेको हुनुपर्नेछः

(क) योग्यता पुगेका व्यक्तिहरु (पदाधिकारी) रहेको कानून संकाय एवं विद्या परिषद् (Faculty Board) को स्थापना गर्नुपर्ने,

(ख) कानूनी शिक्षाको उपाधिको लागि निष्पक्ष, तटस्थ, गोप्य एवम् मर्यादित र स्तरीय मूल्याङ्कन गर्ने प्रयोजनार्थ एउटा परीक्षा नियन्त्रण बोर्ड (Examination Control Board) वा सो सरहको निकायको स्थापना गर्नुपर्ने,

(ग) विश्वविद्यालय स्वयंले कानूनी शिक्षाको कार्यक्रम सञ्चालन नगरेको अवस्थामा सम्बन्धन वा अन्य माध्यमबाट त्यस्तो कानूनी शिक्षाको कार्यक्रम सञ्चालन गर्ने अनुमति प्रदान गर्दा सो भन्दा पहिले आफ्नो कानूनी शिक्षा कार्यक्रम सञ्चालन गरेको हुनुपर्ने ।

(२) उपनियम (१) बमोजिमको विश्वविद्यालय बाहेकका कानूनी शिक्षा सञ्चालन गर्न चाहने अन्य शैक्षिक संस्थाले सम्बन्धित विश्वविद्यालयको स्तर बमोजिम सञ्चालन गरेको हुनुपर्नेछ । त्यस्तो स्तर प्रष्ट नभएमा उक्त संस्थाहरुले देहायका शर्तहरु पूरा गरेको हुनुपर्नेछ :

(क) शिक्षकहरुको व्यवस्थाः योग्य र अनुभव भएका स्थायी र करार/आंशिक शिक्षकका बीच कम्तिमा १:५ को अनुपातमा हुनुपर्ने,

(ख) व्यवहारिक विषयको अध्यापनका लागि उपयुक्त तालिम प्राप्त योग्य शिक्षकको मातहत कार्यमूलक शिक्षाको व्यवस्था हुनुपर्ने,

(ग) पाठ्यपुस्तक, सान्दर्भिक पुस्तक र उपयुक्त कानूनी जर्नलसहितको पस्तकालयको व्यवस्था हुनुपर्ने,

(घ) आवश्यक कम्प्युटरसहित विद्युतीय पुस्तकालयको व्यवस्था हुनुपर्ने ।

(३) व्यवहारिक विषय लगायत अध्ययन् अध्यापन गराइने सबै विषयहरुको परीक्षाको मूल्याङ्कन योग्यता र अनुभव भएका सम्बन्धित विषय-विज्ञद्वारा गराउनु पर्नेछ ।

**७. <u>पठनपाठनसम्बन्धी व्यवस्था</u> :** (१) कानूनी शिक्षाको पठनपाठन सामान्यतः वार्षिक वा सेमेष्टर प्रणाली अनुरुप सञ्चालन हुनेछ ।

(२) उपनियम (१) वमोजिमको सेमेष्टर प्रणाली अर्न्तगत बर्षमा दुईवटा सेमेष्टर रहनेछन् ।

(३) पठनपाठनको माध्यम भाषा अंग्रेजी हुनु पर्नेछ तर व्यवहारिक विषय र नेपाली भाषामा अध्ययन, अध्यापन गर्नुपर्ने प्रकृतिका विषयको अध्ययन, अध्यापन नेपाली भाषाको माध्यमबाट गराउन सकिनेछ ।

(४) पठनपाठन गराउँदा आधुनिक एवं नवीनतम् शिक्षण विधि एव्म प्रविधिहरुको प्रयोग गरी गर्नु गराउनु पर्नेछ ।

(५) यो नियमावली लागू भएपछि प्रत्येक शैक्षिक संस्थाले गरेको पठनपाठन सम्बन्धी व्यवस्था स्वीकृत तथा कार्यान्वयन गर्नु अघि सम्बन्धित शैक्षिक संस्थाले परिषद्को जानकारीका लागि अनिवार्य रुपमा पठाउनु पर्नेछ । त्यस्तो जानकारी प्रदान नगरी कार्यान्वयन गरेको पठनपाठन सम्बन्धी व्यवस्था स्वीकार गर्न परिषद् बाध्य हुन छैन ।

८. **पठनपाठनको समय र उपस्थितिको व्यवस्थापन :** (१) पठनपाठनका लागि कम्तीमा एक घण्टाको कक्षा सञ्चालन गर्नु पर्नेछ ।

(२) प्रत्येक छात्रछात्राको पठनपाठनमा कम्तिमा पचहत्तर प्रतिशत उपस्थिति अनिवार्य हुनेछ । पचहत्तर प्रतिशतभन्दा न्यून उपस्थित रहने विद्यार्थी परीक्षामा सहभागिताका लागि योग्य हुने छैन ।

तर काबु बाहिरको परिस्थिती परी भौतिक रुपमा कक्षा सञ्चालन गर्न नसकिने अवस्था आएमा अन्य बैकल्पिक विधिबाट कक्षा सञ्चालन गर्न सकिनेछ । त्यसरी सञ्चालन भएको कक्षामा उपस्थित विद्यार्थीको हाजिर गणना हुनेछ ।

९. **भौतिक संरचना वा पूर्वाधारसम्बन्धी व्यवस्था :** (१) शिक्षक र विद्यार्थीलाई अध्ययन र अध्यापनको अनुकूल बातावरणको लागि पर्याप्त फर्निचर सहितको प्राकृतिक हावा र प्रकाश भएको कक्षा कोठाको व्यवस्था गर्नु पर्नेछ ।

(२) महिला र पुरुष विद्यार्थीका लागि छुट्टाछुट्टै र उपयुक्त शौचालयको व्यवस्था हुनु पर्नेछ ।

(३) उपयुक्त सुविधा सहितको अभ्यास अदालत कक्षा, सेमिनार कक्षा, समूहगत छलफल कक्षा लगायतको व्यवस्था हुनु पर्नेछ ।

(४) यस नियम बमोजिमको संरचना र पूर्वाधारको मापदण्डले कुनै शैक्षिक संस्थालाई अप्ठेरो परेमा परिषद्ले उपयुक्त निर्णय गर्नसक्नेछ ।

१०. **एकै अवधिमा कानूनी शिक्षा र अन्य विधाको पूर्ण अध्ययन गर्न नपाईने :** (१) कुनै पनि विद्यार्थीले कानूनी शिक्षाको अध्ययन गरिरहेको अवधिमा अर्को विधाको पूर्ण अध्ययन गर्न पाउने छैन ।

(२) उपनियम (१) विपरित अध्ययन गरेको पाइएमा निजलाई कुनै एक विधाको अध्ययन छनौट गर्न बढीमा १५ दिनको समयसहितको सूचना दिईनेछ ।

(३) उपनियम (२) बमोजिम दिइएको सूचना अनुसार अर्को विधाको अध्ययन छोडेको प्रमाण पेश नगरेमा सो अवधिसम्म निजलाई कानूनी शिक्षा अध्ययन गर्न रोक लगाउन सकिनेछ ।

•११. <u>प्रवेश परीक्षासम्बन्धी व्यवस्था</u> : (१) कानूनी शिक्षा सञ्चालन गर्ने शैक्षिक संस्थाले शैक्षिक सत्र प्रारम्भ हुनुभन्दा अगाडि नयाँ शैक्षिक सत्रमा सञ्चालन हुने उपाधि, भर्ना हुने संख्या, भर्नाका लागि चाहिने न्यूनतम् योग्यता लगायतका विवरणहरु खुलाई प्रवेश परीक्षासम्बन्धी सूचना प्रकाशन गर्नु पर्नेछ ।

(२) उपनियम (१) बमोजिमको प्रवेश परीक्षामा संविधान, विधिशास्त्र, देवानी तथा फौजदारी कानून लगायतका विषयमा कम्तिमा पचास प्रतिशत अंकभार रहेका विषयगत प्रश्नहरु समावेश हुनु पर्नेछ ।

(३) उपनियम (२) बमोजिमको परीक्षामा प्राप्त अंक तथा शैक्षिक उपाधि बापतको अंकका आधारमा उतिर्ण विद्यार्थीहरुको योग्यताक्रम सहितको सूची प्रकाशन गर्नु पर्नेछ ।

(४) विए.एलएल.बी. वा सो सरहको प्रवेश परीक्षामा माध्यमिक तह (+२) मा कानून विषय लिई अध्ययन गरेका विद्यार्थीबीच मात्र प्रतिस्पर्धा हुने गरी निश्चित प्रतिशत छुट्याउने व्यवस्था गर्न सकिनेछ ।

(५) स्नातक तह (एलएल.बी.) को हकमा उपनियम २ बमोजिमका विषयहरुमा विषयगत प्रश्नहरु समावेश गरी १०० पूर्णाङ्कको प्रवेश परीक्षा सञ्चालन गर्नु पर्नेछ ।

(६) उपनियम (५) बमोजिमको परीक्षामा न्यूनतम ४० प्रतिशत अंक प्राप्त गर्ने विद्यार्थीहरुले प्राप्त गरेको अंकको आधारमा उत्तीर्ण विद्यार्थीहरुको योग्यताक्रम सहितको सूची प्रकाशन गर्नुपर्ने छ ।

(७) उपनियम (३) र (६) बमोजिमको योग्यताक्रमको सूची एकप्रति जानकारीका लागि परिषद्मा पठाउनु पर्नेछ ।

(८) उपनियम (३), (६) र (७) अनुसारका सूचीमा रहेका विद्यार्थी तोकिएको समयमा नआएमा तोकिएको संख्या ननाघ्ने गरी सोभन्दा पछिल्लो योग्यताक्रममा रहेको विद्यार्थीलाई क्रमशः भर्ना गर्नुपर्नेछ ।

**१२. <u>पाठ्यक्रममा आवधिक पुनरावलोकन</u> :** (१) कानूनी शिक्षाको पाठ्यक्रम प्रत्येक ५ वर्षमा पुनरावलोकन गरी आवश्यक परिमार्जन गर्नु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम परिमार्जन भएको पाठयक्रम सम्बन्धित शैक्षिक संस्थाले परिषद्मा पठाउनु पर्नेछ ।

(३) परिषद्ले निर्धारित मापदण्डको आधारमा उपनियम (२) बमोजिम परिमार्जित पाठ्यक्रमको मूल्याङ्कन गरी सुधार गर्नुपर्ने देखिएमा आवश्यक सुझाव सहित शैक्षिक संस्थामा पठाउनु पर्नेछ ।

(४) नियम (३) बमोजिम परिषद्ले दिएको सुझाव माथि पुर्नविचार गरी सम्बन्धित शैक्षिक संस्थाले पाठ्यक्रममा पुनरावलोकन गर्नेछ ।

---

• नेपाल कानून व्यवसायी परिषद्को मिति २०७८।५।१४ गते परिषद्को १४० औं बैठकबाट संशोधित ।

**१३. <u>वार्षिक प्रतिवेदन परिषद्मा पठाउनु पर्ने</u> :** कानूनी शिक्षा सञ्चालन गर्ने शैक्षिक संस्थाले परिषद्ले निर्धारण गरेको ढाँचामा वार्षिक प्रतिवेदन तयार गरी एक प्रति परिषद्मा पठाउनु पर्नेछ ।

**१४. <u>जानकारी दिनु पर्ने</u> :** कानूनी शिक्षा सञ्चालन गर्ने शैक्षिक संस्थाले परिषद्समक्ष आफ्ना शैक्षिक गतिविधिको बारेमा नियमित जानकारी दिनुपर्नेछ ।

**१५. <u>परीक्षासम्बन्धी व्यवस्था</u> :** (१) प्रत्येक शैक्षिक संस्थाले सम्बन्धित विश्वविद्यालयको ऐन, नियम अनुसार परीक्षा सञ्चालन गर्नेछ ।

(२) उपधारा (१) बमोजिम सम्बन्धित विश्वविद्यालयको ऐन, नियमले स्पष्ट नगरेको अवस्थामा कानूनी शिक्षा अध्ययन अध्यापन गर्ने शैक्षिक संस्थाले देहाय बमोजिमको परीक्षा सञ्चालन गर्नुपर्नेछ:

(क) बाह्य परीक्षा साठी प्रतिशत,

(ख) आन्तरिक परीक्षा चालीस प्रतिशत

(३) उपनियम (१) बमोजिमको परीक्षाको सन्तुलन अन्तर बीस प्रतिशतभन्दा बढी हुन सक्ने छैन । बाह्य परीक्षाको सन्तुलन अन्तर बीस प्रतिशत भन्दा बढी हुन गएमा आन्तरिक परिक्षाको अंक सोही अनुपातमा कम गरी कायम गरिनेछ ।

**१६. <u>उपाधि प्रदान गर्ने</u> :** यस नियमावली बमोजिम अध्ययन् पूरा गरे पश्चात् लिइएको परीक्षाको नतीजाको आधारमा उपाधिको प्रमाणपत्र प्रदान गर्नु पर्नेछ ।

**१७. <u>स्वीकृती नलिई कानूनी शिक्षा सञ्चालन गर्न नपाइने</u> :** (१) नियम ४ बमोजिमको कानूनी शिक्षा सञ्चालन गर्न चाहने शैक्षिक संस्थाले यस नियमावलीमा व्यवस्था भए बमोजिम परिषद्बाट स्वीकृती नलिई कुनै प्रकारको कानूनी शिक्षा सञ्चालन गर्न पाइने छैन ।

(२) यो नियमावली लागू हुँदाका बखत कानूनी शिक्षा सञ्चालन गरिरहेका शैक्षिक संस्थाहरुले यस नियमावली बमोजिम परिषद्को स्वीकृति लिनु पर्ने छैन तर यस नियमावलीद्वारा निर्धारित कानूनी शिक्षाको मापदण्डको पालना गर्नु पर्नेछ ।

(३) उपनियम (१) बमोजिम कानूनी शिक्षा सञ्चालन गर्न चाहने शैक्षिक संस्थाले स्वीकृतिका लागि परिषद् समक्ष निवेदन दिनु पर्नेछ ।

(४) उपनियम (३) बमोजिम निवेदन प्राप्त भएको मितिले तीन महिनाभित्र परिषद्ले निरीक्षण गरी स्वीकृति दिने नदिने सम्बन्धमा निर्णय गरिसक्नुपर्नेछ ।

(५) परिषद्को स्वीकृति प्राप्त नगरेका कानूनी शिक्षा सञ्चालन गर्न चाहने शैक्षिक संस्थालाई विश्वविद्यालयले सम्बन्धन वा अन्य माध्यमबाट कानूनी शिक्षाको कार्यक्रम सञ्चालन गर्ने अनुमति दिन पाउने छैन ।

## परिच्छेद-३
## व्यावसायिक तालीम

१८. **व्यावसायिक तालीमसम्बन्धी व्यवस्था** : (१) काननूको विषयगत विधामा व्यवसाय गर्न चाहने कानून व्यवसायीलाई सक्षम, प्रभावकारी एवम् मर्यादित रुपमा पेशा सञ्चालन गर्न योग्य बनाउन परिषद्ले देहाय बमोजिम तालीम सञ्चालन गर्न सक्नेछ;

(क) आधारभूत तालीम,
(ख) विषयगत तालीम ।

(२) उपनियम (१) को खण्ड (क) र (ख) बमोजिमको तालीममा सहभागी हुनको लागि क्रमश: कम्तिमा २ वर्ष र १० बर्ष निरन्तर कानून व्यवसाय गरेको हुनु पर्नेछ ।

(३) उपनियम (१) बमोजिमको तालीम परिषद् आफैले वा अन्य कुनै शैक्षिक संस्था वा राष्ट्रिय वा अन्तर्राष्ट्रिय निकायसँग सहकार्य गरी वा परिषद्ले निर्धारण गरेको पाठ्यक्रममा आधारित भई परिषद्को स्वीकृति र सुपरीवेक्षणमा कुनै प्राज्ञिक वा व्यावसायिक संस्थाले सञ्चालन गर्न सक्नेछ ।

(४) उपनियम (१) बमोजिमको तालीमको पाठ्यक्रम तथा तत्सम्बन्धी अन्य व्यवस्था समितिको सिफारिशमा परिषद्ले निर्धारण गरेबमोजिम हुनेछ ।

१९. **व्यवसाय अभिवृद्धि तालीम** : (१) कानून व्यवसायीको व्यवसायीक क्षमता अभिवृद्धिको लागि परिषद्ले निरन्तर व्यावसायिक अभिवृद्धि तालीम (continue professional legal course) को सञ्चालन गर्ने व्यवस्था गर्नेछ ।

(२) उपनियम (१) बमोजिमको तालीमलाई परिषद्ले कानून व्यवसायीको प्रमाणपत्र (लाइसेन्स) नवीकरणसँग आवद्ध गर्दै लैजान सक्नेछ ।

(३) उपनियम (१) बमोजिमको तालीम परिषद् आफैले वा परिषद्ले निर्धारण गरेको पाठ्यक्रममा आधारित भई परिषदको स्वीकृति र सुपरीवेक्षणमा कुनै प्राज्ञिक वा व्यावसायिक संस्थाले सञ्चालन गर्न सक्नेछ ।

(४) उपनियम (१) बमोजिमको तालीमको सञ्चालन सम्बन्धमा परिषद्ले अन्य आवश्यक व्यवस्था गर्न सक्नेछ ।

२०. **वृत्ति विकास समितिको दायित्व** : नियम १९ मा उल्लिखित तालीम सम्बन्धी व्यवस्थाहरुको कार्यान्वयन र तत्सम्बन्धी अन्य व्यवस्था परिषद्मा रहेको वृत्ति विकास समितिबाट हुनेछ ।

## परिच्छेद-४
## शैक्षिक संस्थाको निरीक्षण

२१. **शैक्षिक संस्थाको निरीक्षणसम्बन्धी व्यवस्था :** (१) समितिले देहाय बमोजिम शैक्षिक संस्थाको निरीक्षण गर्ने गराउने छ;

(क) सुझाव दिनु पूर्वको निरीक्षण,

(ख) नियमित निरीक्षण,

(ग) आकस्मिक निरीक्षण ।

(२) उपनियम (१) को खण्ड (क) बमोजिमको निरीक्षण कानूनी शिक्षा सञ्चालन गर्ने सम्बन्धमा जानकारी प्रदान गरेको तीन महिनाभित्र गर्नु पर्नेछ ।

(३) उपनियम (१) को खण्ड (ख) बमोजिमको निरीक्षण आवधिक रुपमा गर्नु पर्नेछ ।

(४) उपनियम (१) को खण्ड (ग) बमोजिमको निरीक्षण समितिले आवश्यकता अनुसार गर्न गराउन सक्नेछ ।

(५) उपनियम (१) बमोजिमको निरीक्षणको प्रयोजनका लागि समितिको कुनै सदस्यको संयोजकत्वमा सम्बन्धित विशेषज्ञ सहितको निरीक्षण टोली खटाई प्रतिवेदन लिन सक्नेछ ।

(६) उपनियम (५) बमोजिम समिति समक्ष प्रस्तुत प्रतिवेदनका सम्बन्धमा समितिको सुझाव सहित परिषद्मा पेश गर्नु पर्नेछ ।

(७) उपनियम (१) को देहाय (क) र (ख) बमोजिम निरीक्षण गर्दा शैक्षिक संस्था रहेको प्रदेशको पार्षद्लाई सहभागी गराउन सकिनेछ ।

(८) यस नियम बमोजिम प्रस्तुत गर्नुपर्ने प्रतिवेदनमा निरीक्षण हुने स्थान र विषय सहित यथार्थ एवम् वस्तुपरक ढंगबाट तथ्य/परिस्थितिको विश्लेषण गरी आधार र कारण सहितको सिफारिस समावेश भएको हुनु पर्नेछ ।

## परिच्छेद-५
## कानून शिक्षा समिति

२२. **कानून शिक्षा समितिको गठन :** (१) यस नियमावली बमोजिम गर्नुपर्ने काम कारवाहीको सम्पादन गर्न परिषद्ले एक कानून शिक्षा समितिको गठन गर्न सक्नेछ ।

(२) उपनियम (१) बमोजिमको समितिमा देहाय बमोजिमका सदस्य रहने छन् ;

(क) परिषद्ले तोकेको १ जना ................................................................ अध्यक्ष
(ख) कानून अध्यापन हुने विश्वविद्यालयका डिनहरुमध्येबाट १ जना .................. सदस्य
(ग) विश्वविद्यालयका प्राध्यापकहरु मध्येबाट १ जना ..................................... सदस्य
(घ) वरिष्ठ अधिवक्ता वा अधिवक्ता मध्येबाट एक जना महिला सहित ३ जना ...... सदस्य
(ङ) कानून न्याय तथा संसदीय मामिला मन्त्रालयको सहसचिव १ जना .............. सदस्य
(च) सर्वोच्च अदालतको सह रजिष्ट्रार १ जना .............................................. सदस्य
(छ) महान्यायाधिवक्ताको कार्यालयको सहन्यायाधिवक्ता १ जना.......................... सदस्य

(३) परिषद् सचिवले यस समितिको सचिवको रुपमा कार्य गर्नेछ ।

(४) समितिका सदस्यहरुको पदावधि ५ वर्षको हुनेछ ।

(५) उपनियम (२) को खण्ड (ख), (ग), (ङ), (च) र (छ) बमोजिमका सदस्यले अवकास प्राप्त गरेमा र समितिका सदस्यहरुले राजिनामा दिई समितिबाट अलग हुन चाहेमा त्यस्तो सदस्य समितिबाट हट्नेछ ।

(६) समितिले तोकेको जिम्मेवारी पूरा नगर्ने सदस्यलाई परिषद्ले हटाउन सक्नेछ ।

स्पष्टीकरण: यस नियमको प्रयोजनका लागि सदस्य भन्नाले समितिको अध्यक्ष समेतलाई जनाउँदछ ।

**२३. <u>कानून शिक्षा समितिको काम, कर्तव्य र अधिकार</u> :** कानून शिक्षा समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ;

(क) ऐन तथा यस नियमावली बमोजिम कानूनी शिक्षाको नीति र मापदण्डका सम्बन्धमा परिषद्लाई आवश्यक परामर्श दिने,

(ख) कानूनी शिक्षा सञ्चालन गर्ने शैक्षिक संस्थाहरुले निर्धारित शैक्षिक तथा भौतिक पूर्वाधारसम्बन्धी मापदण्डको पालना गरे नगरेको विषयमा निरीक्षण एवम् अनुगमन गरी शैक्षिक संस्थालाई मान्यता दिने र दिएको मान्यता रद्द गर्न सिफारिश गर्ने,

(ग) कानूनी शिक्षाको गुणस्तर अभिवृद्धिका लागि उपयुक्त उपायहरुको पहिचान गरी सिफारिश गर्ने,

(घ) प्रत्यायन (Accreditation) सम्बन्धी नीति सिफारिश गर्ने,

(ङ) कानून व्यवसायको प्रमाणपत्र दिने प्रयोजनका लागि विदेशी कानूनी शैक्षिक उपाधिको मान्यता सम्बन्धी काम गर्ने,

(च) यस नियमावलीमा तोकिएको मापदण्ड पालना नगर्ने शैक्षिक संस्था उपर कारवाहीको सिफारिश गर्ने,

(छ) समितिलाई तोकिएको काम कारवाहीको सम्पादनका लागि आवश्यकता अनुसार उपसमिति गठन गर्ने,

(ज) कानूनी शिक्षाको उत्थान र विकासका लागि गोष्ठी, कार्यशाला गर्ने एवम् आवश्यक देखिएका विषयमा अध्ययन अनुसन्धान गर्ने गराउने,

(झ) कानूनी शिक्षा सञ्चालनका लागि समितिले प्रत्येक वर्ष प्रवेश परीक्षा, भर्ना, वार्षिक परीक्षा तथा अध्ययन अवधि लगायतका विषय तोकी बार्षिक कार्यतालिका (Calender) प्रकाशित गर्ने,

(ञ) कानून व्यवसायीको प्रमाणपत्र प्राप्त गरेका नवप्रवेशी कानून व्यवसायीहरुलाई इन्टरर्नशीपका लागि कानून व्यवसायीको कार्यालयमा वा नेपाल सरकारका कानूनसँग सम्बन्धित निकायमा अनुरोध गरी राख्ने व्यवस्था मिलाउने,

(ट) परिषद्ले तोकिदिएको अन्य कार्य गर्ने ।

२४. **समितिको बैठक र निर्णय :** (१) समितिले गर्ने निर्णय समितिका सदस्यहरुको बहुमतबाट गरिने छ ।

(२) समितिको बैठकमा एकावन्न प्रतिशत सदस्य उपस्थित भएमा बैठकको गणपुरक संख्या पुगेको मानिनेछ ।

(३) समितिको बैठक अध्यक्षले बोलाएको समय र स्थानमा बस्नेछ ।

(४) बैठक सम्बन्धी अन्य कार्यविधि समिति आफैंले व्यवस्थित गर्न सक्नेछ ।

२५. **अध्यक्षको काम, कर्तव्य र अधिकार :** समितिका अध्यक्षको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ;

(क) समितिबाट हुनुपर्ने काम कारवाही गर्ने गराउने,

(ख) यस नियमावली तथा परिषद्द्वारा सुम्पिएका अन्य कार्यहरु गर्ने ।

२६. **सदस्यको काम, कर्तव्य र अधिकार :** समितिका सदस्यको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ;

(क) समितिको बैठकमा उपस्थित हुने,

(ख) समिति वा अध्यक्षले तोकेको जिम्मेवारी पूरा गर्ने ।

२७. **अधिकार सुम्पन सक्ने :** परिषद्ले ऐन तथा यस नियमावली बमोजिम कानूनी शिक्षाका सम्बन्धमा गर्नु पर्ने काम, कर्तव्य र अधिकार समितिलाई सुम्पन गर्न सक्नेछ ।

## परिच्छेद-६
## विविध

२८. **कानूनी शिक्षा प्रशासन र व्यवस्थापन :** (१) परिषद्को सचिवालय मातहत रहने गरी देहायका काम गर्न एक छुट्टै कानूनी शिक्षा प्रशासन शाखा रहने छ;

(क) कानूनी शिक्षा सम्बन्धी परिषद्ले गर्ने कार्यहरुको प्रशासन र व्यवस्थापन गर्ने,

(ख) समितिको निर्णयानुसार अध्ययन, अनुसन्धान लगायतका कार्यहरु गर्ने, गराउने,

(ग) समितिको निर्देशन अनुसार शैक्षिक संस्थासँग आवश्यक सम्पर्क समन्वय गर्ने,

(घ) समितिको सचिवालयको रुपमा काम गर्ने,

(ङ) परिषद् वा समितिले तोकिदिएका अन्य कार्यहरु गर्ने ।

(२) परिषद्को सचिवालयको मातहत रहने गरी देहायको काम गर्न एक छुट्टै व्यावसायिक तालीम शाखा रहने छ ;

(क) कानून व्यवसायीहरुलाई यस नियमावली बमोजिम प्रदान गरिने व्यावसायिक तालीम सम्बन्धी परिषद्ले गर्नु पर्ने कार्यहरुको सञ्चालन र व्यवस्थापन गर्ने,

(ख) समितिको निर्देशन अनुसार तालीम प्रदायक प्राज्ञिक वा व्यावसायिक संस्थाहरुसँग सम्पर्क र समन्वय गर्ने,

(ग) परिषद् वा समितिले तोकिदिएका अन्य कार्यहरु गर्ने ।

२९. **<u>शुल्क/फी बुझाउनु पर्ने</u> :** कानून शिक्षा अध्यापन गराउने शैक्षिक संस्था वा तालीम सञ्चालन गर्ने प्राज्ञिक वा व्यावसायिक संस्थाले परिषद्ले निर्धारण गरेको शुल्क/फी बुझाउनु पर्नेछ ।

३०. **<u>कारवाही गर्ने</u> :** (१) यस नियमावली बमोजिम पालना गर्नुपर्ने मापदण्ड वा व्यवस्थाको उल्लघंन गरेमा परिषद्ले देहाय बमोजिम कारवाही गर्न सक्नेछ;

(क) व्यावसायिक तालीम सञ्चालन गर्ने अनुमती खारेज गर्ने,

(ख) कानून व्यवसायीको परीक्षामा संलग्न हुन नपाउने गरी रोक लगाउने,

(ग) कानून व्यवसायीको प्रमाणपत्र नवीकरण नगर्ने,

(२) उपनियम (१) बमोजिमको कारवाही गर्नु पूर्व त्यस्तो शैक्षिक वा प्राज्ञिक वा व्यावसायिक संस्था वा कानून व्यवसायीलाई सुनुवाईको उचित मौका प्रदान गर्नु पर्नेछ ।

३१. **<u>लगत राख्ने</u> :** (१) परिषद्ले कानूनी शिक्षाका सम्बन्धमा एक तथ्याङ्क (डाटा) बैंक स्थापना गर्नेछ ।

(२) उपनियम (१) बमोजिमको तथ्याङ्क बैंकमा देहायका विवरणहरु समावेश गरिने छन् ;

(क) शैक्षिक संस्थाको विवरण,

(ख) अध्ययन अध्यापन हुने विषय सहितको उपाधि,

(ग) शिक्षकहरुको संख्या, योग्यता, विशेषज्ञता सहितको विवरण,

(घ) विद्यार्थी भर्ना संख्या र उत्तीर्ण प्रतिशत सहितको विवरण,

(ङ) मान्यता दिईएका विदेशी शैक्षिक संस्था, विश्वविद्यालय र उपाधिको विवरण,

(च) आधारभूत वा व्यावसायिक तालीम प्रदायक प्राज्ञिक वा व्यावसायिक संस्थाहरुको विवरण,

(छ) आधारभूत वा व्यावसायिक तालीम प्राप्त गरेका कानून व्यवसायीहरुको विवरण,

(ज) तोकिएका अन्य विवरणहरु ।

(३) उपनियम (२) बमोजिमको तथ्याङ्क नियमित रुपमा अद्यावधिक गरिने छ ।

(४) शैक्षिक संस्था तथा प्राज्ञिक वा व्यावसायिक संस्थाले उपनियम (२) बमोजिमको विवरण प्रत्येक वर्ष परिषदमा पठाउनु पर्नेछ ।

**३२. फाराम तथा टेम्पलेट (ढाँचा)हरु तयार गर्ने :** (१) समितिले यस नियमावली बमोजिम आवश्यक पर्ने फाराम तथा टेम्पलेट(ढाचाँ)हरु तयार गरी प्रयोगमा ल्याउन सक्नेछ ।

(२) उपनियम (१) बमोजिम प्रयोगमा ल्याइएका बनाइएका फारामहरुमा आवश्यक संशोधन वा परिमार्जन गर्ने अधिकार समितिलाई रहनेछ ।

**३३. निर्देशन दिने :** (१) यस नियमावली बमोजिम सम्वद्ध शैक्षिक संस्था वा प्राज्ञिक वा व्यावसायिक संस्था वा अन्य कुनै निकायलाई निर्देशन दिने अधिकार परिषद्लाई हुनेछ ।

(२) उपनियम (१) बमोजिम दिएको निर्देशनको पालना गर्नु सम्बन्धित शैक्षिक संस्थाको कर्तव्य हुनेछ ।

**३४. व्याख्या गर्ने अधिकार :** (१) यस नियमावलीको व्याख्या गर्ने अधिकार परिषदमा निहित हुनेछ ।

(२) सम्बन्धित संस्था वा व्यक्तिले यस नियमावलीको कुनै व्यवस्थाका सम्बन्धमा द्विविधा पर्न आएमा स्पष्टताका लागि परिषद् समक्ष निवेदन दिन सक्नेछ ।

**३५. निर्देशिका जारी गर्ने :** ऐन र यस नियमावलीको प्रतिकूल नहुने गरी परिषद्ले आवश्यक निर्देशिका तथा अतिरिक्त मापदण्ड बनाई लागू गर्न सक्नेछ ।

परिषद्बाट स्वीकृत : २०७७।११।११

## अनुसूची १

(नियम ४ को उपनियम (५) सँग सम्बन्धित)

**३ वर्षे एलएल.बी. को पाठ्यक्रम :**

१. अंकभार (पूर्णाङ्क)

(क) कानून शिक्षाको स्नातक तहमा कानून सम्बन्धी न्यूनतम १५०० पूर्णाङ्क अध्यापन गराउनु पर्ने ।

(ख) १५०० पूर्णाङ्क मध्ये १२०० पूर्णाङ्कको अनिवार्य विषय र ३०० पूर्णाङ्क ऐच्छिक विषय हुन सक्ने । कानून विषयको अनिवार्य १२०० पूर्णाङ्कका विषयहरु मध्ये ८०० पूर्णाङ्क सैद्धान्तिक र ४०० पूर्णाङ्क व्यवहारिक विषय हुनुपर्ने ।

२. पाठ्यक्रममा समावेश हुनुपर्ने आधारभूत विषयहरु :

(क) मुलुकी देवानी संहिता र मुलुकी अपराध संहिता (Civil Code & Criminal Code)

(ख) कार्यविधि कानून (देवानी र फौजदारी) [Procedural Law (Civil & Criminal)]

(ग) नेपालको आधुनिक कानून प्रणाली (Modern Nepalese Legal System)

(घ) व्यावसायीक आचरण (Code of Conduct)

(ङ) प्रमाण कानून (Evidence Law)

(च) विधिशास्त्र तथा कानूनी सिद्धान्त (Jurisprudence & Legal Theory)

(छ) वाणिज्य कानून (Corporate Law/Contract Law/Banking Law)

(ज) संवैधानिक कानून (Constitutional Law)

(झ) अन्तर्राष्ट्रिय कानून (International Law)

उपरोक्त बमोजिमका प्रत्येक विषयमा विषयसँग सम्बन्धित मुलभूत नजीरहरु अनिवार्य रुपमा पाठ्यक्रममा समावेश गर्नु पर्ने ।

३. ऐच्छिक विषयको ३०० पूर्णाङ्कमा मुलुकको कानून प्रणाली र कानून व्यवसायको आवश्यकता अनुसारका विषयहरु समावेश गर्न सकिने ।

४. व्यवहारिक विषयको ४०० पूर्णाङ्क अन्तर्गत समावेश हुनुपर्ने विषयहरु :

(क) Moot court, pre-trial, proceeding, preparations & participation in trial proceeding – 100 marks.

- Moot court (30 marks)
- Observation of trial in at least two cases:- civil & criminal (30 marks)
- Interviewing techniques & pre trial preparation (30 marks)
- Viva – voce examination on all aobve three aspects (10 marks)

(ख) Drafting, pleading & conveyancing (100 marks)

Drafting अन्तर्गतः अदालती लिखत फिराद+प्रतिउत्तर, फैसला, पुनरावेदन, रिट जस्ता लिखतहरु र कानूनी लिखतहरुको मस्यौदा जस्तैः करारनामा, संगठित संस्था स्थापना सम्बन्धी लिखतहरु तयार गर्ने कुरामा अभ्यास गराउनु पर्ने ।

(ग) Public interest lawyering - Legal and Para Legal service (50 marks)

(घ) Legal Research - (50 marks)

(ङ) व्यवहारिक प्रशिक्षण (Internship) - (50 marks) - विद्यार्थीहरुले कानून सम्बन्धी कुनै विषयमा अनुभवी शिक्षकको रेखदेखमा व्यवहारिक प्रशिक्षण लिनुपर्ने व्यवस्था मिलाउनु पर्ने र आफ्नो अध्ययनको विषयसँग सम्बन्धित आधुनिकतम् विकासलाई समेटेर प्रशिक्षण प्रतिवेदन तयार पारेको हुनुपर्ने ।

- विद्यार्थीहरुले तयार पार्ने व्यवहारिक प्रशिक्षण प्रतिवेदनका सम्बन्धमा सोही विषयसँग सम्बन्धित विशेषज्ञलाई मार्गदर्शक (Guide) तोकिनु पर्ने र त्यसरी तोकिएको मार्गदर्शकको नियमित प्रत्यक्ष रेखदेखमा रही व्यवहारिक प्रशिक्षण प्रतिवेदन तयार पारेको हुनु पर्ने ।
- व्यवहारिक प्रशिक्षणको अवधि ६ महिना हुनुपर्ने ।

(च) अध्ययन गोष्ठी (Seminar) – (50 marks) प्रत्येक विद्यार्थीहरुलाई पाठ्यक्रम भित्रको कुनै विषयमा व्यवहारिक ज्ञानमा आधारित कम्तीमा २ वटा कार्यपत्र लेखाई कक्षामा प्रस्तुत गराइनु पर्ने, यस्तो कार्यपत्र प्रस्तुत हुँदा अन्य विद्यार्थी तथा प्रशिक्षकहरुको अनिवार्य उपस्थितिको व्यवस्था मिलाउनु पर्ने ।

# अनुसूची २

(नियम ४ को उपनियम (६) सँग सम्बन्धित)

**५ वर्षे बिए एलएल.बी. वा सो सरहको पाठ्यक्रम :**

१. एकीकृत ५ वर्षे कानून स्नातकका रुपमा सञ्चालन गरिने उपाधि मध्येको प्रथम सहउपाधि ( जस्तो BA, BSc, BBA) वा सो सरहका तथा दोश्रो सहउपाधि एलएल.बी वा सो सरहका लागि न्युनतम् पाठ्यक्रम निम्नानुसार हुनेछ ;

(क) एकीकृत उपाधि मध्ये प्रथम सहउपाधिको लागि हाल विश्वविद्यालयहरुले अध्यापन गराई रहेका BA, BBM, BSc वा सो सरहको स्नातक ३ वा ४ वर्षे उपाधिमा समावेश भएको अनिवार्य/आधारभूत विषयहरु एकीकृत पाठ्यक्रममा समावेश हुनु पर्नेछ ।

(ख) कानूनको विषय सम्बन्धमा अनुसूची-१ मा उल्लेख भए अनुसार एलएल.बी. को पाठ्यक्रम सरहका सबै विषयहरु समावेश हुनु पर्नेछ ।

(ग) त्यस्ता विषयहरु सेमेष्टर प्रणालीको आवश्यकता अनुसार अलग अलग वा एकअर्कासँग गाभिएको हुन सक्नेछन् ।

(घ) क्रेडिट आवर्स (credit hours) प्रणाली अपनाउने एकीकृत कानून स्नातक कार्यक्रमहरुले खण्ड (ख) बमोजिमको पूर्णाङ्कलाई क्रेडिट आवर्समा परिणत गर्नसक्ने छन् ।

(ङ) दुवै सहउपाधिका लागि तोकिएका क्रेडिट आवर्स कार्यक्रमको आवश्यकता अनुसार १६० कम्तीमा देखि १९० क्रेडिट आवर्स हुनु पर्नेछ ।

(च) पहिलो सहउपाधिका लागि छानिएको विषयले एकीकृत पाठ्यक्रममध्ये कम्तीमा ३० देखि ४० प्रतिशत सम्म विषयभार बहन गर्नु पर्नेछ ।

(छ) खण्ड (क) र (ख) ले उल्लेख गरेको भन्दा बढीको लक्ष्य लिएका पाठ्यक्रमहरु सञ्चालन गर्न शैक्षिक संस्थालाई कुनै बाधा छैन ।

(ज) एकीकृत ५ वर्षे कानून स्नातक कार्यक्रम निर्माण गर्दा सम्बन्धित विश्वविद्यालयको सम्बन्धित कानून संकायले आन्तरिक नियम बमोजिम Faculty Board वा Academic council का लागि प्रस्ताव तयार गर्नुअघि आफनो योजना तथा प्रस्तावित कार्यक्रमका बारेमा परिषद्सँग सल्लाह तथा परामर्श लिनु पर्नेछ ।

(झ) खण्ड (ज) बमोजिम लिएको सल्लाह तथा परामर्शलाई उचित रुपमा सम्बोधन गरी मात्र त्यस्तो कार्यक्रम सम्बन्धित Faculty Board वा Academic council को प्रक्रियामा लैजानु पर्नेछ ।